कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, मुगु

**मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमको लागि निबेदन पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२/१०/१३

यस कृषि विकास कार्यालय, मुगुको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत विकास कार्यक्रम अनुसार कृषकलाई कृषिको रुपान्तरण र आधुनिकीकरण गर्न प्रोत्साहित गर्दै सम्मानजनक पेशाको रुपमा स्थापित गर्न कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गतको मुख्य मन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमबाट उत्कृष्ट कृषकलाई सम्मान गर्नु पर्ने हुँदा यस मुगु जिल्लाका इच्छुक कृषक, कृषि फर्म, निजि उद्यमीहरुलाई सो कार्यक्रममा भाग लिन निबेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु सहित निबेदन दिनुहुन जानकारी गराईन्छ ।

तपशिलका कागजात:

१. अनुसूची-१८ बमोजिमको ढाँचामा निबेदन
२. नेपाली नागरिकता प्रतिलिपि थान-१
३. स्थायी लेखा नम्बर कार्ड
४. संस्था/कम्पनी दर्ताको प्रमाण पत्र तथा नविकरणको प्रतिलिपि थान-१
५. फर्म दर्ता भएको निकाय को प्रतिलिपि- थान १
६. नविनतम् कृषि प्रविधिको प्रयोग तथा विकास कुनै भए उल्लेख गरेको
७. कृषि व्यवसाय प्रवर्द्धनको भावी योजना
८. बैंक खाता विवरण
९. अनुसूची-१७ बमोजिमको न्युनतम मापदण्ड भएको हुनुपर्ने
१०. इच्छुक कृषक, कृषि फर्म, निजि उद्यमीहरुले निबेदन सोझै यस कृषि विकास कार्यालय,मुगुमा अथवा सम्बन्धित पालिकाको कृषि विकास शाखामा बुझाउन सकिन्छ ।

२०८२/१०/१३

गणेश बहादुर अधिकारी
कृषि अर्थ विज्ञ (प्रथम)
कार्यालय प्रमुख